श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य कृषि संगठनको अनुरोधमा निम्न डिजाइन, नाप र तौलको मुद्रा चलन चल्ती र संकलनकर्ताहरूको माग पूर्तिको निमित्त टकसार तथा नापतौल विभागबाट टकमरी गराउने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) मुद्राः– १००।– रूपैयाँ

एकापट्टिः– २०३८ सालमा टकमरी भएको चलन चल्तीको मोहर सरह ।

अर्कोपट्टिः– घेराको वरिपरि चौंसट्ठी थोप्ला, भित्र माथि श्री भवानी, त्यसको मुनि १०० रूपैयाँ, बीचमा धान रोपिरहेकी महिला, बायाँ World Food day F.A.O. को चिन्ह, १६–१०–१९८१ Nepal, तल घेरामा विश्व खाद्य दिवस नेपाल ।

तौलः– २५ ग्राम ±२%

बनौटः– ५०%चाँदी बाँकी अन्य ±२%

डाइमिटरः– ४० मी.मी.

सिरेशनः– १५०

मुद्रण गर्ने संख्या बढीमाः– २० हजार थान।

(२) मुद्रा :–२।– रूपैयाँ

एकापट्टिः– २०३८ सालमा टकमरी भएको चलन चल्तीको मोहर सरह ।

अर्कोपट्टिः– वरिपरि चौंसट्ठी थोप्ला, माथि श्री भवानी, २ रूपैयाँ बीचमा मकैको घोगा, बायाँ World Food day F.A.O. को चिन्ह र १६–१०–१९८१ तल विश्व खाद्य दिवस नेपाल ।

तौलः– ७.५ ग्राम ±२.५%

बनौटः– ७५% ताँवा २५% निक्केल ±२%

साइजः– १२ कुने, २८ मी.मी. (सामुन्ने कुनाको बीच)

सिरेशनः– साधा

मुद्रण गर्ने संख्या बढीमाः– १० लाख थान।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मुद्रा :– ।५० पैसा

एकापट्टि:– २०३८ सालमा टकमरी भएको चलन चल्तीको मोहर सरह ।

अर्कोपट्टि :– वरिपरि चौंसट्ठी थोप्ला, माथि श्री भवानी, ।५० पैसा बीचमा मकैको घोगा, बायाँ World Food day F.A.O. को चिन्ह र १६–१०–१९८१, तल विश्व खाद्य दिवस नेपाल ।

तौल:– ४ ग्राम $\pm$ २.५%

बनौट:– ७५% ताँवा, २५% निक्केल $\pm$ २%

डाइमिटर:– २२ मी. मी.

सिरेशन:– साधा

मुद्रण गर्ने संख्या बढीमा:– २० लाख थान ।

(४) मुद्रा: ।२५

एकापट्टि:– २०३८ सालमा टकमरी भएको चलन चल्तीको मोहर सरह ।

अर्कोपट्टि:– वरिपरि चौंसट्ठी थोप्ला, माथि श्री भवानी, ।२५ पैसा बीचमा मकैको घोगा, बायाँ World Food day F.A.O. को चिन्ह र १६–१०–१९८१, तल विश्व खाद्य दिवस नेपाल ।

तौल:– २.५ ग्राम $\pm$ ४%

बनौट:– ६६% ताँवा ३४% जस्ता $\pm$ २%

डाइमिटर:– १८.५ मी. मी.

सिरेशन:– साधा

मुद्रण गर्ने संख्या बढीमा:– २० लाख थान ।

आज्ञाले–

जितेन्द्रलाल मास्के

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।